धनगढी मंसिर १६

# सुदुरपश्चिम सरकार र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र विच अन्तरक्रिया सम्पन्न

यहि मंसिर १६ गते सुदुरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टज्यूको समुपस्थितिमा प्रदेशस्तरमा आयात प्रतिस्थापन निर्यात प्रवर्द्धन तथा अन्तर-प्रदेश व्यापारको सम्भावना पहिचान गर्न केन्द्रले प्रदेशका उत्पादनहरुको प्रोफाइल बनाउन शुरु गर्न लागेको अध्ययनको स्वरुप पद्धति तथा अध्ययनको उद्देश्यका विविध आयाम सम्बन्धमा व्यापक र गहन छलफल सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा मा. मुख्यमन्त्री श्री भट्टज्यूले हिमाल पहाड र तराईको विशिष्ट सङ्गमको रुपमा रहेको सुदुरपश्चिम प्रदेशमा उद्योग व्यापारका प्रशस्त सम्भावना रहेको बताउनु हुँदै केन्द्रले शुरु गर्न लागेको अध्ययन प्रतिवेदन प्रदेशका लागि महत्वपुर्ण दस्तावेज हुने विश्वास व्यक्त गर्नु भयो । सुदुरपश्चिम सरकारका मा.उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री माया भट्टज्यूले सिमित साधन श्रोतका माझ पनि केन्द्रले लिएको यस पहललाई हरतरहले सहयोग गर्ने वताउनु भयो । यसै गरी प्रदेश सरकारका प्रमुख सचिव श्रीमान् नारायण प्रसाद विडारीज्यूले यो अध्ययन प्रदेशको उद्योग वाणिज्य क्षेत्रको विकासका लागि महत्वपुर्ण आधार हुने र सूचना र तथ्यांकहरु जति तल्लो तहमा गएर संकलन गर्न सक्यो प्रतिवेदन त्यति नै निखारिएको हुने वताउनु भयो । यसै गरी केन्द्रका कार्यकारी निर्देशक श्रीमान् सरद विक्रम राणाज्यूले यो अध्ययनको उद्देश्य औचित्य र महत्ववारे प्रकाश पार्नु हुदैं अध्ययन पश्चात प्राप्त प्रतिवेदनलाई प्रदेश सरकार र निजी क्षेत्र माझ छलफल गराई अनुमोदन गरिने र संघीयस्तरमा सातवटै प्रदेशका मा. मुख्यमन्त्रीज्यूहरुको सम्मेलन आयोजना गरी प्रदेश प्रदेश विच व्यापार लगानी सम्बन्धी-समझदारी गरिने समेत जानकारी गराउनु भयो । प्रदेशस्तरमा आयात प्रतिस्थापन निर्यात प्रवर्द्धन तथा अन्तर प्रादेशिक व्यापारका सम्बन्धमा गहन अध्ययन गरी प्रदेशका लागि यसरी आउने प्रतिवेदन भविष्यमा उद्योग व्यापारको विकासमा आधार दस्तावेज हुने गरी तयार गरिने प्रतिबद्धता पनि व्यक्त गर्नु भयो ।

